CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #५

१४ ।१२ ।२०७६

भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



स्रोत: अनिल ढकाल - अन्नपूर्ण पोस्ट






## संघ, प्रदेश र स्थानीय तहमा निर्माण हुने क्वारेन्टाईनको न्युनतम मापदण्ड

- क्वारेन्टाईन स्थल घना बस्तीबाट टाढा हुनुपर्ने
- सञ्चार, स्वास्थ्य, सडक, पानी, बिजुलीको पुर्ण व्यवस्था भएका हुनुपर्ने
- गर्भवती महिला, दश वर्षसम्मका बालबालिका, जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिकालागि अलग्गै क्वारेन्टाईनको व्यवस्था हुनुपर्ने
- कोठाको व्यवस्थापन प्रति व्यक्ति ७५ वर्गफिटको स्थान वा एक खाट देखि अर्को खाटबिच न्युनतम दुरी ३.५ फिट हुनुपर्ने
- सम्भव भएसम्म शौचालय सहितको कोठा र सो नभए अधिकतम ६ जनाकोलागि एउटा साझा शौचालय र स्नानगृह भएको हुनुपर्ने
- क्वारेन्टाईनमा खटिने स्वास्थ्य र सरसफाई टिमकोलागि अलग्गै भवन वा ब्लक रहेको हुनुपर्ने
- संभावित विपद तथा आगलागिबाट सुरक्षित हुनुपर्ने

# हल्ला - तथ्य



सरकारले विद्युत, इन्टरनेट, टेलिफोन र पानी नि:शुल्क वितरण गर्दैछ रे नि त ।

सरकारले विद्युत, इन्टरनेट, टेलिफोन र पानी नि:शुल्क वितरण गर्ने सम्बन्धमा हालसम्म कुनै पनि आधिकारीक निर्णय भएको छैन । तर, कोरोना भाईरस संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिले आम नागरिकलाई इन्डक्सन चुल्होको प्रयोग गर्न प्रोत्साहित गरेको छ । त्यसको लागि सरकारले विद्युत महसुलमा छुट दिने जनाएको छ । बिभिन्न समाचार स्रोतलाई आधार मान्नेहो भने, नेपाल सरकार उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयले घरेलु प्रयोजनकोलागि चैत्र महिनाकोलागि विद्युत खपतमा आम उपभोक्तालाई २०% सम्म छुट दिनु भनेर नेपाल बिद्युत प्राधिकरणलाई निर्देशन दिएको छ । यद्यपि छुट दिने प्रकृया अँझै स्पष्ट छैन । सन्दर्भ सामाग्री यहाँ हेर्नुहोस ।



लकडाउनको अवधि लम्बियो भने खाना पकाउने ग्याँस पाउदैन भन्छन् नि ।

यो संक्रमणको घडिमा आम उपभोक्ता खाना पकाउने ग्याँसको अभावको मारमा नपरुन भन्नकालागि नेपाल आयल कर्पोरेशनले सम्पुर्ण ग्याँस वितरक कम्पनीलाई आधा सिलिण्डर भरेर वितरण गर्नु भनि निर्देशन दिएको छ । साविकमा १४.२ किलोको ग्याँस अब ७.१ किलोमा उपलब्ध हुनेछ ।



विदेशबाट फर्किएर संक्रमणको जोखिम रहेका व्यक्तिको स्थानीय स्तरमा अभिलेख राख्ने कुनै संयन्त्र छैन ?

स्थानीय तहहरुले आ-आफ्नो क्षेत्र भित्रका वडाहरुमा तेस्रो मुलुक र भारतबाट आएका व्यक्तिहरुको स्वास्थ्यसम्बन्धी विवरण सहितको अभिलेख प्रत्येक दिन अद्यावधिक गर्ने । त्यसै गरेर स्थानीय स्वास्थ्य संयोजकले कोभिड - १९ को लक्षण देखिएका व्यक्तिहरुको विवरण प्रत्येक दिन प्रमुख जिल्ला अधिकारीलाई उपलब्ध गराउने र प्रमुख जिल्ला अधिकारीले राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रमा र सो केन्द्रले आपतकालिन स्वास्थ्य कार्यसञ्चालन केन्द्रमा प्रत्येक दिन साँझ ६ बजे भित्र पठाउनु भनेर कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले निर्देशन दिएको छ ।



कोभिड - १९ सम्बन्धी जनहितमा जारी सूचनाहरुसबै नेपाली भाषामा मात्र छन् । मैथली, भोजपुरी, थारु, राई, गुरुङ र अन्य स्थानीय भाषामा पनि बनाउदा कस्तो होला ?

कोभिड - १९ सम्बन्धी जनहितमा जारी सूचनाहरु धेरै नेपाली भाषामै छन् । सबै समुदायलाई सुसुचित गर्न स्थानीय भाषहरुमा यो सम्बन्धी सूचनाहरु बज्न जरुरी छ । केहि स्थानीय भाषामा जनहितमा जारी सूचना बज्न सुरु पनि भईसकेको छ । गुरुङ भाषको जनहितमा जारी सूचना यहाँ हेर्नुहोस ।

## सूचनाका स्रोतहरु

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोभिड-१९ को अवस्थाअ

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपबाली | ३,५२,६६७ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| १०१२ संक्रमित | २०८ संक्रमित | ४५७ संक्रमित | ५२६ संक्रमित | ३३३ संक्रमित | १०९ संक्रमित | १,७०६ संक्रमित | ९,२४१ संक्रमित |
| | | ३ नेपाली संक्रमित | | | | | |




### कतारमा वैदेशिक रोजगारीमा रहेका कामदारहरू जोखिममा

कतारी सरकारले कोरोना रोगको महामारी रोकथाम गर्न २५ जना भन्दा बढि व्यक्ति एकठाउँमा जम्मा नहुनु भनेर निर्देशन दिएको छ । तर पनि विश्वकप २०२२ को लागि रंगशाला निर्माण गर्न खटिएका कामदार भने जोखिमका बिच पनि कामगर्न बाध्य छन् । साथसाथै, कतार सरकार सूचना तथा सञ्चार कार्यालयले जारी गरेको सूचना अनुसार मनि एक्सचेन्ज र मनि ट्रान्फर सेवा प्रदायक कार्यालयहरू मार्च २६ देखि अस्थायी रुपमा बन्दहुने जनाएको छ । यस्तो अवस्थामा सरकारले आफ्ना नागरिकको सुरक्षाकोलागि आवश्यक पहल गर्न जरुरी छ ।

# भरपर्दो सुचना पाउनका लागी महत्वपुर्ण लिन्क्स्

- MoHP नेपाल कोभिड-१९ भाइबर ग्रुप
- नोवेल कोरोना भाईरस सम्बन्धी नयाँ जानकारी तथा स्रोतकेन्द्र
- स्वस्थ्य तथा जनसंख्या मन्त्रालयका प्रेस विज्ञप्तीहरू
- गृह मन्त्रालय
- वैदेशिक रोजगार सम्बन्धी समाचार
- आपतकालीन सम्पर्कहरू
- अध्यागमन जानकारी

# कोभिड-१९ को उपचारको लागी प्रदेश सरकारको व्यवस्था

सही सूचना




यो ग्राफले जनसंख्या (१०००० मा) र जनघनत्वका आधारमा हरेक प्रदेशमा व्यवस्था गारिएका अस्पताल र आइसोलेशन बेडको तुलनात्मक विष्लेशण गर्दछ । यसले सरकारको प्रयास त्यती सन्तोषजनक छैन भन्ने देखाउछ । किन भने:

- हरेक प्रदेशमा जनसंख्याको अनुपातमा उपलब्ध आइसोलेशन बेडको संख्या एकदम थोरै छ ।
- क्षेत्रफलको हिसावले कर्णाली प्रदेश सबै भन्दा ठुलो प्रदेश हो, त्यसैले एउटा मात्र अस्पतालबाट पुरै प्रदेशका नागरिकले सेवा लिन त्यति सहज हुदैन ।
- जनघनत्वका हिसावले प्रदेश २ सबै भन्दा ठुलो छ त्यसैले त्यस प्रदेशकालागि अँझै बढि आइसोलेशन बेड र अस्पताल आवश्यक छ ।

## ५ महत्पुर्ण सम्पर्क नंबरहरु



**९८४८५९४९८३**
नारायण प्रसाद बिडारी
सरकारलाई सल्लाह, सुझाव तथा जानकारी लिन/दिन





**११४९**
कालो बजारी, कृतिम अभाव सृजना गारिएको देखिए



**०१-४२५५७९६**
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा



**१६६००१३३४४४**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
आकस्मीक प्रकोप ब्यवस्थापन युनिट



**०१-४२५०८४५**
स्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

सरकारी हटलाईन
विहान ८:०० देखी बेलुका ८:०० सम्म
९८५१२५५८३९
९८५१२५५८३७
९८५१२५५८३४

नि:शुल्क हटलाईन
विहान ८:०० देखी बेलुका ८:०० सम्म
१११५

**यसको परिक्षण कहाँ हुन्छ?**

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (NPHL) टेकु तथा बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा गरिन्छ । संकासपद् बिरामिलाई ष्कयबितष्यल मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

**बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?**

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

**रिपोर्ट आउन कति समय लाग्छ?**

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका सूचनाहरु बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि मार्च महिना भित्र १२७६ जना व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 01-4429584